मार्टिन चौतारीको नयाँ बहस शृंखला

# लोकतान्त्रिक समाज निर्माणका चुनौती

नेपालमा लोकतन्त्र र लोकतान्त्रिक समाज निर्माणका लागि पटकपटक आन्दोलन गर्नु परेको छ । पछिल्लो पटक जनता जागेर पुनःस्थापना गरेको लोकतन्त्रलाई सुनिश्चित र संस्थागत गर्ने तथा अधिनायकवादलाई मटियामेट पार्ने नयाँ संविधान निर्माणका लागि गएको एक दशकदेखि विभिन्न प्रयत्न भएका छन् । तथापि, नेपाली समाजमा अझै अधिनायकवाद पुनरुत्थानका संकेतहरू देखिएका छन् । पटकपटक अधिनायकवादले नेपालमा किन टाउको उठाउन खोज्छ ? लोकतान्त्रिक समाजका लागि चाहिने आधारभूत अवयवहरू के हुन् अथवा तीबारे सार्वजनिक वृत्तमा जुन तहको बहस, छलफल हुनुपर्थ्यो त्यो हामीले गऱ्यौँ या गरेनौं ? यी विषयमा थप बहस, छलफल गर्न मार्टिन चौतारीले 'लोकतान्त्रिक समाज निर्माणका चुनौती' विषयक बहस शृंखला शुरु गरेको छ । यो शृंखलामा लोकतन्त्र र लोकतान्त्रिक समाजका विभिन्न आधारभूत पक्षहरूबारे बहस गरिने छ । र, लोकतन्त्र, खुला समाज र तिनको सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक तथा अन्य पक्षहरूसँगको सम्बन्धबारे छलफल गरिनेछ ।

## शृंखला २: लोकतान्त्रिक समाजको निर्माणमा सत्याग्रहको भूमिका

डा. गोविन्द केसी, सत्याग्रही/प्राध्यापक, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगंज

स्थान: मार्टिन चौतारी सेमिनार हल, थापाथली

मिति र समय: १५ भदौ २०७३/३१ अगस्ट २०१६ (बुधबार, ३:०० बजे)




**मार्टिन चौतारी**

२७ जीतजंग मार्ग, थापाथली

फोन: ०१-४१०२०२७/४२३८०५०

www.martinchautari.org.np

छलफल सबैका लागि खुला छ ।